# फिदिम नगरपालिका

## स्थानीय राजपत्र

**(फेदेन पत्र)**

**खण्ड : ४  संख्या:१०  मिति:२०७७।०९।२९**

## भाग १

## फिदिम नगरपालिका

# फिदिम नगरपालिकाको संशोधित बिनियोजन ऐन, २०७७

**आज्ञाले,**

**अम्बिका प्रसाद अधिकारी**

**प्रमुख प्रशासकीय अधिकृत**

१.संक्षिप्त नाम र प्रारम्भः (१)यस ऐनको नाम “ फिदिम नगरपालिकाको विनियोजन ऐन, २०७७” रहेको छ ।

२.आर्थिक वर्ष २०७७।०७८ को निमित्त सञ्चित कोषबाट रकमखर्च गर्ने अधिकारः (१) आर्थिक वर्ष २०७७।०७८ को निमित्त नगर कार्यपालिका, वडा कार्यालय, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त **अनुसूची- १** मा उल्लिखित चालू खर्च, पूँजिगत खर्चको रकम समेत गरी जम्मा रकम रु **३२,९९,३९,७३०।०० (अक्षेरुपी बत्तिसकरोड उनान्सयलाख उनन्चालिसहजार सातसय तीस रुपैयामात्र)** मा नबढाई निर्दिष्ट गरिएको मा हाल संशोधित बजेट रकम रु.३४,३५,१४,७३१.२७ मात्र सञ्चितकोषबाट खर्च गर्न सकिनेछ ।

३. विनियोजनः (१) यस ऐनद्धारा सञ्चितकोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७७।०७८ को निमित्त फिदिम नगरपालिकाको नगर कार्यपालिका, वडा कार्यालय र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कार्यपालिका, वडा कार्यालय र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुगहुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च अन्य चालु खर्च शीर्षक तर्फ सार्न सकिने छैन ।

(२) उपदफा (१) माजुनसुकै कुरा लेखिएको भएतापनि कार्यपालिका, वडा कार्यालय र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुगहुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १०

प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पूँजिगत खर्च अन्यचालू खर्च शीर्षक तर्फ सकिने छैन।

(३)उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १०प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ।
(४) सञ्चित कोषमा जम्मा हुने रकमको श्रोत र रकम अनुमान क्रमश: तालिका (क) र (ख) बमोजिम हुनेछ।

**तालिका (क)**
**संचित कोषबाट बिनियोजन हुने संशोधित रकमको विवरण**

| क्र. सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजिगत खर्च | जम्मा |
|---|---|---|---|---|---|
| १ | | नगर कार्यपालिका | १७२०३९७३० | १०१४७५००१.२७ | २७३५१४७३१.२७ |
| २ | | वडा विकास कार्यक्रम | ३३१०५००० | ३६८९५००० | ७०००००00 |
| ३ | | बिषयगत शाखा | ० | ० | ० |
| ४ | | ऋणको साँवा व्याज भुक्तानी | ० | ० | ० |
| ५ | | शशर्त अनुदान नेपाल सरकार | ४७३४००००० | ० | ४७३४००००० |
| ६ | | शशर्त अनुदान प्रदेश सरकार | ८३३८००० | ० | ८३३८००० |
| ७ | | विशेष अनुदान नेपाल सरकार | १५००००० | ० | १५०००००० |
| ८ | | समपुरक अनुदान नेपाल सरकार | १६१००००० | ० | १६१००००० |
| ९ | | समपुरक अनुदान प्रदेश सरकार | १०००००० | ० | १०००००० |
| १० | | लगानी (शेयर/ऋण) | ० | ० | ० |
| | | जम्मा | ७२७९८२७३० | १३८३७०००१.२७ | ८६६३५२७३१.२७ |

**तालिका (ख)**

**संचितकोषमा आम्दानीको श्रोत**

| क्र सं | अनुदान | आम्दानीको श्रोत | रकम |
|---|---|---|---|
| | | समानीकरण अनुदान (संघ) | १५१५००००० |
| | | राजश्व वाँडफाँड (संघ) | १०६३७१७३० |
| | | समानीकरण अनुदान (प्रदेश) | ७६०४००० |
| | | राजश्व बाँडफाँड (प्रदेश) | ११५५४००० |
| | | विज्ञापन कर | ६०००० |
| | | दहत्तरवहत्तर | १६००००० |
| | | घरजग्गा रजिष्ट्रेसन | ५०००००० |
| | | आन्तरिक श्रोत | २६२५०००० |
| | | चालु आ व को अ ल्या | ३३५७५००१ |
| | | जम्मा | ३४३५१४७३१.२७ |
| | | शशर्त अनुदान नेपाल सरकार | ४७३४००००० |
| | | शशर्त अनुदान प्रदेश सरकार | ८३३८००० |
| | | विशेष अनुदान नेपाल सरकार | १५०००००० |
| | | समपुरक अनुदान नेपाल सरकार | १६१००००० |
| | | समपुरक अनुदान प्रदेश सरकार | १०००००००० |
| | | जम्मा | ५२२८३८००० |
| | | कुल जम्मा | ८६६३५२७३१.२७ |